**नेपाली / *NEPALI***

*FP&M* सहकर्मीहरू,

*FP&M* का नयाँ संयुक्त उपकुलपति *(AVC)* खोजेर रोजगार दिने प्रक्रियामा तपाईंको संलग्नताको लागि धन्यवाद। उम्मेदवारहरूको प्रस्तुतीमा उपस्थित हुनदेखि लिएर आफ्नो प्रतिक्रिया दिनसम्म, तपाईंले *FP&M* ले *UW–Madison* लाई प्रदान गर्ने सबै महत्त्वपूर्ण सेवाहरू जारी राख्दै यसमा सहयोग गर्नुभयो। colleagues,

म यो घोषणा गर्न पाउँदा खुसी छु कि *FP&M* को नयाँ संयुक्त उपकुलपति *(AVC)* Cindy Torstveit हुनुहुनेछ। वहाँले डिसेम्बर १२, २०२१ मा यो कार्यपद शुरू गर्नुहुनेछ। Cindy Torstveit *UW–Madison* को स्नातक हुनुहुन्छ र वहाँले आफ्नो व्यावसायिक पेशाको अधिकांश समय राज्य सेवामा बिताउनुभएको छ। वहाँ विस्कन्सिन विचारको *(Wisconsin Idea)* एक साँचो उदाहरण हुनुहुन्छ र *AVC* भूमिकामा अनुभव र ज्ञानको विस्तृत दायरा ल्याउनुहुन्छ र यो ठूलो र विविध समूहको नेतृत्व गर्न र अगाडि बढाउन सफल हुनको लागि वहाँ अद्वितीय स्थानमा हुनुहुन्छ।

*UW* प्रणाली र विस्कन्सिन राज्यको *(State of Wisconsin)* नीति र प्रक्रियाहरू प्रति Cindy को गहिरो बुझाइ हामीले हाम्रो क्याम्पसका ठाउँहरूको भविष्यलाई सम्बोधन गर्ने क्रममा महत्त्वपूर्ण हुनेछ। विविधता, समता र समावेशीकरणलाई बढुवा दिने वहाँको प्रतिबद्धताले कर्मचारीहरूलाई टोलीको एक हिस्सा हुन पाउँदा हुने गर्व र *FP&M* को शक्ति र सफलताहरूमा निर्माण गर्ने संस्कृति स्थापना गर्ने कार्य क्षमतामा मलाई आत्मविश्वास दिन्छ।

यसले *Physical Plant* को कार्यकारी निर्देशक कार्यपदलाई खाली छोड्दछ। Cindy र मैले यसबारे छलफल गरेका छौं र वहाँले यस भूमिकाको अर्को चरणहरू निर्णय गर्न बाँकी मुख्य नेतृत्व टोलीसँग काम गर्नुहुनेछ। आगामी हप्ताहरूमा यो खाली कार्यपद भर्ने योजना स्थापना गरिनेछ।

यस प्रक्रियामा तपाईंको संलग्नताको लागि फेरि पनि धन्यवाद। मलाई थाहा छ तपाईंले भर्खरै ठूलो परिवर्तनको अनुभव गर्नुभएको छ, र म *FP&M* को भविष्यको बारेमा उत्साहित छु। मलाई विश्वास छ कि तपाईंले Cindy लाई *FP&M* को उद्देश्यमा निरन्तर, पारदर्शी र प्रतिबद्ध भएको पाउनुहुनेछ। म हाम्रो काम सँगै जारी राख्न तत्पर छु।

भवदीय,

Rob